nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

29°C । वर्ष : ११, अंक : ०३ पृष्ठ ४ । बुधबार,०४ भदौ २०८२ । WEDNESDAY, AUGUST 20, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## गौर नरसंहार छानबिनमा निष्पक्ष सहयोग गर्ने उपेन्द्र यादवको प्रतिबद्धता

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०३ भदौ ।***

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले १८ वर्षअघि भएको गौर नरसंहारको छानबिन फेरि अघि बढेमा निष्पक्ष सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सर्वोच्च अदालतले हालै गौर नरसंहारसम्बन्धी मुद्दाको पुनः छानबिन गर्न आदेश दिएपछि अध्यक्ष यादवले यस्तो प्रतिक्रिया दिएका हुन् । सर्वोच्चले घटनामा घाइते भएका त्रिभुवन साहद्वारा दायर गरिएको रिटमाथि सुनुवाइ गर्दै अनुसन्धान अघि बढाउन निर्देशन दिएको हो ।



यादवले अदालतको निर्णयप्रति सम्मान व्यक्त गर्दै, सो घटनाको अनुसन्धान तत्कालीन सरकारले पहिले नै गरीसकेको दाबी गरे । तर उनले अहिले पुनः मुद्दा अघि बढाइनु राजनीतिक प्रतिशोध हुन सक्ने आशंका पनि व्यक्त गरे । "सर्वोच्चको पूर्णपाठ नआएसम्म थप प्रतिक्रिया दिन हतार हुन्छ," यादवले भने । २०६३ साल चैत ७ गते रौतहटको गौरस्थित राइस मिल चौरमा मधेशी जनअधिकार फोरम र तत्कालीन नेकपा (माओवादी) कार्यकर्ताबीच भएको हिंसात्मक झडपमा २७ जना माओवादी कार्यकर्ताको ज्यान गएको थियो । यो घटनामा न्याय माग्दै त्रिभुवन साहले २०८० साल जेठ २१ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

## क्षमताभन्दा बढी कैदीबन्दीले बीरगञ्ज कारागारमा व्यवस्थापन चुनौती

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०३ भदौ ।***

भौतिक संरचना जीर्ण भएको बीरगन्ज कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी भएपछि व्यवस्थापन थप जटिल बनेको छ । जिल्ला कारागार पर्साका प्रमुख खिमराज भुसालका अनुसार, एक हजार कैदीनुवाको क्षमता भएको कारागारमा हाल एक हजार ३१० जना राखिएका छन् । पुरानो संरचना भएकाले व्यवस्थापनमा समस्या बढ्दै गएको उनले बताए । विसं २०२९ देखि सञ्चालनमा रहेको कारागारलाई चिनी मिल क्षेत्रको १८ बिघा जमिनमा सार्ने योजना बनाइए पनि झै कार्यान्वयन हुन सकेको छैन । कारागारमा अहिले स्वदेशी र विदेशी गरी कुल १,३१० जना रहेका



छन् । तीमध्ये स्वदेशी महिला कैदी ५, महिला थुनुवा ४२ र उनीहरूसँगै आश्रित दुई बालिका छन् । स्वदेशी पुरुष कैदी र थुनुवाको संख्या १,०४६ छ भने विदेशी थुनुवा र कैदी १९९ जना छन् । त्यस्तै विदेशी महिला १६ जना छन् । समग्रमा हेर्दा हाल कारागारमा कैदी ३२९ जना र थुनुवा ९७९ जना रहेका छन् । पर्सा र बारा जिल्लामा अपराध गरेर दोषी ठहर भएका वा पुर्पक्षमा रहेका अधिकांश कैदीबन्दीलाई यहाँ राख्ने गरिएको छ । अत्यधिक भीडका

बाँकी तेश्रो पृष्ठमा⇨

## सखुवा प्रसौनी-१मा सुकुम्बासीसँग अन्तरक्रिया र स्थलगत प्रमाणिकरण कार्यक्रम सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०३ भदौ ।***

पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नं. १ मा भूमि समस्या समाधान आयोग पर्साले भूमिहीन र सुकुम्बासीहरूसँग अन्तरक्रिया गर्दै स्थलगत प्रमाणिकरण कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रम वडाध्यक्ष बासुदेव महत्तो थारुको अध्यक्षता तथा आयोगका अध्यक्ष तबरेज अहमदको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा करिब ५५ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूले सहभागिता जनाएका थिए । अन्तरक्रियामा तीन पुस्तासम्मको प्रमाणित कागजातको आवश्यकता र प्रक्रिया, वैदेशिक रोजगारीमा रहेका सेवाग्राहीसँग देखिने समस्या,



मानापाथी र अंशबन्डासम्बन्धी प्रमाणिकरण प्रक्रिया, र अव्यवस्थित बसोबासीले सरकारलाई बुझाउनुपर्ने राजस्वसम्बन्धी जानकारीबारे स्पष्ट विवरण दिइएको थियो । कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष अहमदले भने, "भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नु हाम्रो प्रमुख दायित्व हो । नागरिकलाई जग्गा सम्बन्धी प्रमाणिकरण, कागजात प्रक्रिया र राज्यप्रति कर्तव्यबारे स्पष्ट जानकारी दिने उद्देश्यले यस्ता कार्यक्रम

बाँकी तेश्रो पृष्ठमा⇨

## सुनिल केशरीले सम्हाले विश्रामपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कार्यभार

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०३ भदौ ।***

बाराको विश्रामपुर गाउँपालिकामा आजदेखि सुनिल केशरीले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालेका छन् ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उनलाई साउन १६ गते सरुवा गरी विश्रामपुर गाउँपालिकामा नियुक्त गरेको थियो । उनको स्वागत गाउँपालिका अध्यक्ष जुल्फकार अलि भुटो,



जनप्रतिनिधि र कर्मचारीहरूले संयुक्त रूपमा गरेका थिए । यसै क्रममा, विश्रामपुर गाउँपालिकामा कार्यरत राकेश ओझालाई फेटा गाउँपालिकामा सरुवा गरिएको छ ।

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल इन्जिनियर्स एसोसिएसनका नवनिर्वाचित पदाधिकारीहरु बीरगन्ज महानगरबाट सम्मानित

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०३ भदौ ।***

नेपाल इन्जिनियर्स एसोसिएसन बीरगन्ज केन्द्रको हालै सम्पन्न निर्वाचनबाट निर्वाचित पदाधिकारी र सदस्यहरूलाई वीरगञ्ज महानगरपालिकाले मंगलबार सम्मान गरेको छ । महानगर प्रमुख राजेशमान सिंहले नवनिर्वाचित अध्यक्ष प्रियान्शु कुमार गुप्ता, उपाध्यक्ष श्याम किशोर दास, सचिव मनिष केशरीसहित कार्यसमितिलाई कार्यकक्षमा सम्मान गर्दै कार्यकाल सफलताका लागि शुभकामना दिए । मेयर सिंहले इन्जिनियरहरूको दक्षता र इमान्दारिता देशको समग्र विकासका लागि अपरिहार्य रहेको उल्लेख गर्दै नयाँ नेतृत्वले अझ योजनाबद्ध र सक्रिय भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । उनले भने, "इन्जिनियरहरू विकासको मेरुदण्ड हुन् । तपाईंहरूको योजनाबद्ध काम र इमानदार प्रयासले मात्र शहर र देश अगाडि बढ्छ । महानगर सधैं सहयोगका लागि तयार छ ।" त्यस अवसरमा प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले पनि नवनिर्वाचित नेतृत्वलाई बधाई दिँदै व्यावसायिक मर्यादा कायम राख्दै महानगरसँग सहकार्यमा काम गर्न आग्रह गरे । उनले नयाँ टिमले इन्जिनियरहरूको हकहितसँगै समाजको समग्र विकासमा योगदान दिने अपेक्षा व्यक्त गरे । नवनिर्वाचित अध्यक्ष प्रियान्शु कुमार गुप्ताले महानगरले देखाएको सद्भाव र सम्मानप्रति आभार व्यक्त गर्दै

बाँकी तेश्रो पृष्ठमा⇨

## जनमत पार्टीद्वारा निःशुल्क विरुवा वितरण सुरु

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०३ भदौ ।***

बिरगन्ज महानगरपालिका-१६ मा जनमत पार्टीले वृक्षारोपण प्रवर्द्धनको लागि निःशुल्क विरुवा वितरण अभियान सुरु गरेको छ । यस अभियानको उद्देश्य गाउँघरमा हरियाली बढाउनुका साथै रुखविरुवाको संरक्षणमा समुदायलाई उत्प्रेरित गर्नु रहेको छ । डिभिजन वन कार्यालय र वडा कार्यालयको समन्वयमा मंगलबारदेखि सुरु भएको यस अभियान अन्तर्गत पहिलो दिन नगवा र इनर्वामा गुलमोहर, अमला, अम्बा लगायतका करिब ५ हजार विरुवा स्थानीय समुदायलाई निःशुल्क वितरण गरिएको जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले जानकारी दिए । अध्यक्ष सर्राफले वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र प्रदूषण न्यूनीकरणमा योगदान पुऱ्याउने लक्ष्य लिएको उल्लेख गर्दै, रुख बिरुवा रोप्ने मात्र नभई यसको संरक्षणमा सबैले जिम्मेवारीपूर्वक



भूमिका खेल्नुपर्नेमा जोड दिए । विरुवा वितरण कार्यक्रममा वन पैदावर आपूर्ति समितिका अध्यक्ष श्याम शंकर चौरसिया, जनमत पार्टीका केन्द्रिय सदस्य बिध्यालाल प्रसाद,

बाँकी तेश्रो पृष्ठमा⇨

## उपकार सेवाद्वारा ४ सय मिटर पाइप सहयोग

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०३ भदौ ।***

बिरगन्ज महानगरपालिका-१५ बुद्धनगर टोलमा दुई महिनादेखि खानेपानीको अभाव झेलिरहेका स्थानीयलाई उपकार सेवा नेपालले ४ सय मिटर प्लास्टिक पाइप सहयोग गरेको छ । चापाकल सुकेपछि पानीको गम्भीर समस्या परेको स्थानीयलाई सहज बनाउन २ इन्च व्यासको कालो पाइप मंगलबार प्रदान गरिएको हो । उपकार सेवा नेपाल बीरगन्जकी अध्यक्ष विद्या कुमारी सरावगीले पाइप हस्तान्तरण गर्दै स्थानीय समस्या समाधानमा संस्थाले निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । सो अवसरमा

बाँकी तेश्रो पृष्ठमा⇨

औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### परीक्षामा प्रधानमन्त्री

प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक रूपमा सुशासनको पक्षमा वकालत गर्दै आएका छन् । तथापि, व्यवहारमा उनको भूमिका त्यसअनुकूलको नरहेको भनेर आलोचना हुने गरेको छ । आलोचकलाई जवाफ दिने एउटा अवसर प्रधानमन्त्रीका सामु पुगेको छ । त्यो हो- संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदन २०८२ । यो प्रतिवेदन सोमबार सभामुख देवराज घिमिरेले कार्यान्वयनका लागि भनेर विभिन्न निकायमा पठाएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पुगेको प्रतिवेदनमा मुख्यसचिव एकनारायण अर्यालको आचरणमाथि नै प्रश्न उठाइएको छ । कुलिङ अफ पिरियडको गडबडीमा मुख्यसचिव अर्यालसँगै कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सचिव उदयराज सापकोटा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव फणिन्द्र गौतमको भूमिका समेत परोक्ष रूपमा देखिएको संसदीय छानबिनले औंल्याएको छ । विधायकले गरेको सहमतिबेगर प्रतिवेदनमा भाषा लेख्नेजस्तो गम्भीर त्रुटिमा संलग्न रहेको आरोप लागेका मुख्यसचिवसहितका सरकारी कर्मचारी पदमै बहाल छन् ।संघीय संसद्को सबैभन्दा ठूला दल मिलेर बनेको दुई तिहाइ बहुमतको बलियो सरकार छ । यो सरकारले चाहँदा नेपालमा सुशासनको मानक नै स्थापित गर्न सक्छ । किनभने कर्मचारीतन्त्र यति बलियो छ कि दुई तिहाइ बहुमतको सरकारलाई समेत आफू अनुकूल चलाउँछु भनेर संसदीय समितिका निर्णय नमान्ने र सरकारी कर्मचारीका लागि कुलिङ अफ पिरियड लागू हुन नदिन लागि पर्ने सार्वजनिक रूपमै भनिरहेका छन् । व्यवस्थापिकाको कानुन बनाउने संवैधानिक अधिकारलाई चुनौती दिने व्यक्तिसँगै प्रधानमन्त्रीले दैनिकी काम गर्नुपरेको छ । त्यस्तो व्यक्तिबाट निष्पक्ष काम हुन्छ ? यसको जवाफ मुख्यसचिवले भन्दा ज्यादा अब प्रधानमन्त्रीले दिनुपर्छ । किनभने कर्मचारीमाथि कुनै प्रकारको एक्सन लिने भने प्रधानमन्त्रीले नै हो । यसकारण कुलिङ अफ पिरियड प्रकरणमा अब प्रधानमन्त्री परीक्षामा रहेका छन् । कुलिङ अफ पिरियड कुनै व्यक्तिका लागि नभएर नयाँ थिति बसाउने प्रयास हो । ३०औं वर्ष सरकारी सेवामा रहेकालाई अवकाशलगत्तै अन्य राजनीतिक, संवैधानिक, कूटनीतिक वा अन्य नियुक्तिमा रोक्ने यो प्रयासका पछाडि सामाजिक संरचना, राज्यको नीतिजस्ता विषय जोडिन्छन् । उमेरले अवकाश पाएको थप जिम्मेवारी लिनका निम्ति होइन ।

# पञ्चायतअघि नै संविधानसभा गठन भएको भए के हुन्थ्यो ?

**वीरेन्द्रप्रसाद मिश्र**



पहिले संविधानसभाबाट संविधानको निर्माण हुन सकेन । दोस्रो निर्वाचनबाट २०७२ सालमा संविधान निर्माण हुन सक्यो । सोहीअनुसार २०७४ र २०७९ को निर्वाचनबाट संघीय संसद्, प्रदेशसभा र स्थानीय तहको निर्वाचन भए । सरकार बने । यसबीचमा धर्मनिरपेक्षता र संघीय लोकतान्त्रिक गणतन्त्र थप संस्थागत भएको छ । संविधानसभाको सन्दर्भमा केही प्रश्न उठ्ने गर्छन् । जस्तै, के संविधानबिना मुलुकको शासन व्यवस्था चल्न सक्दैन ? संविधानसभाको विचार हामीमा किन र कसरी आयो ? हामीले संविधानसभाको निर्वाचन किन गर्‍यौं ? यदि संविधानसभाको निर्वाचन ६/७ दशकअघि नै भएको भए के-के हुन सक्थ्यो ? लोकतान्त्रिक मुलुकमा राज्यका विभिन्न अंग र निकायको सुसञ्चालन सजिलोसँग होस् भन्ने उद्देश्यले संविधान बनाउने परम्परा सुरु भएको हो । बेलायत एउटा यस्तो पुरानो लोकतान्त्रिक मुलुक हो, जहाँ कुनै पनि लिखित संविधान छैन । सायद त्यहाँ लोकतन्त्रको विकास क्रमशः भएकाले (राजाबाट अधिकार खोसेर जनतामा पुर्‍याउन समय लागेर) लिखित संविधानको आवश्यकता परेन ।संयुक्त राज्य अमेरिका विश्वको सबैभन्दा पुरानो लोकतान्त्रिक मुलुक हो ।जसको सञ्चालन एउटा लिखित संविधानबाट हुँदै आएको छ । हुन त लोकतान्त्रिक व्यवस्था मानव जातिको राजनीतिक इतिहासमा बिलकुलै नयाँ धारणा हो, जो क्रमशः विकसित भएको हो । यसको विकास प्रक्रिया दोस्रो विश्वयुद्धपछि तीव्र हुँदै गएको देखिन्छ । नेपालमा पहिलो पटक संविधान शब्दको प्रयोग २०१५ सालको संविधानमा भएको पाइन्छ । त्यसअघि राणा प्रधानमन्त्री पद्मशमशेरले १२ माघ २००४ सालमा 'नेपालको वैधानिक कानुन' जारी गरेका थिए । त्यस्तै, २००७ सालमा 'आन्तरिक सरकार ऐन' बाट राज्य सञ्चालनको अवधारणा सार्वजनिक भएको थियो । नेपालको पहिलो संविधान 'नेपाल अधिराज्यको संविधान' हो, जो राजा महेन्द्रबाट जारी भएको थियो । महेन्द्रले १ पुस २०१७ मा जननिर्वाचित पहिलो प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको सरकारमाथि 'कू' गरेपछि २०१९ सालमा निर्दलीय संविधान लागू गरेका थिए । त्यससँगै २०१५ सालको संविधान खारेज भएको थियो । २०१९ सालको संविधान पनि २०४६ सालको जनआन्दोलनपछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ सँगै खारेज भएको थियो । २०४७ सालको संविधानअनुसार २०४८, २०५१ र २०५६ मा आमनिर्वाचन सम्पन्न भएका थिए ।

यसैबीच नेकपा माओवादीले २०५२ देखि सुरु गरेको सशस्त्र विद्रोह लगभग एक दशकसम्म चल्यो । २०५८ मा तत्कालीन राजा वीरेन्द्रको वंशनाश भयो । राजा ज्ञानेन्द्र शाह गद्दीनसीन भए । केही समयपछि नै माओवादी र सात राजनीतिक दलबीच १२ बुँदे समझदारी भयो । यही बलमा २०६२/६३ मा दोस्रो जनआन्दोलन भयो । यसले २०५९ मा विघटन गरिएको संसद्लाई ब्युँतायो र माओवादीलाई राजनीतिक मूलधारमा ल्यायो । अन्तरिम संविधान, अन्तरिम संसद् र अन्तरिम सरकार बन्यो । त्यसैअनुरूप २०६४ मा संविधानसभाको पहिलो निर्वाचन भयो । यस सन्दर्भमा एउटा उल्लेखनीय विषय छ, माओवादीको मुख्य माग थियो- वालिग मताधिकारबाट संविधानसभाको निर्वाचन होस् । जसकारण जनताले त्यस संविधानलाई आफ्नो मानोस् । माओवादीले संविधानसभाको माग किन गर्‍यो भन्ने प्रश्न हाम्रासामु छन् । तत्कालीन माओवादीका नाममा दुईवटा शब्द जोडिएका छन्- कम्युनिस्ट र माओवादी । कम्युनिस्ट पार्टीको तत्कालीन सोभियत रुस, जहाँ बोल्सेभिक क्रान्तिपछि कम्युनिस्ट सरकार स्थापित भएको थियो, त्यसप्रति अपनत्व राख्छन् । के त्यहाँ संविधानसभाबाट संविधान बनेको थियो त ? माओवादीको नाम चीनका माओत्से तुङको विचारधाराबाट प्रेरित छ । के चीनमा संविधानसभाबाट संविधान बनेको हो त ? यी दुवै मुलुकमा सर्वहाराको तानाशाही, जो एकदलीय तानाशाहीमा परिणत छ, त्यसका राजनीतिक दर्शनमा यी मुलुकहरू चल्दै छन् । हुन त खण्डित रुसमा केही परिवर्तन आएको छ । यस्तो पृष्ठभूमिमा दिल्लीमा १२ बुँदे समझदारीमा संविधानसभाका सर्तलाई किन समावेश गरे त ? माओवादीका तत्कालीन शीर्ष नेतामा संविधानसभाको विचार कसरी आयो होला त ? माओवादीका नेताहरूले जनमतको महत्त्व बुझेको हुनाले वालिग मताधिकारका आधारमा संविधानसभाको निर्वाचनको मुद्दालाई अन्य सात दलको तुलनामा बढी महत्त्व दिए । सात दलमध्ये नेपाल सद्भावना पार्टीले संविधानसभाका मुद्दालाई पक्कै स्विकारेको हुनुपर्छ किनकि यस मुद्दालाई त्यस दलका संस्थापक दिवंगत नेता गजेन्द्रनारायण सिंहले उठाउनुहुन्थ्यो । कांग्रेसले यस मुद्दालाई २०१५ सालअगावै छोडिसकेको थियो । त्यसलाई नछोडेको भए २०१५ सालको संसदीय निर्वाचनमा किन सहभागी हुन्थ्यो त ? उसले त्यो निर्वाचन बहिष्कार गरेको भए के हुन्थ्यो ? जे होस्, कांग्रेसका तत्कालीन सभापति तथा पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले १२ बुँदे समझदारीका क्रममा पक्कै संविधानसभाको मुद्दा उठाएनन् । उनको एक मात्र उद्देश्य सत्ता प्राप्त गर्नु थियो । जसमा उनी सफल पनि भए । **के संविधानसभाको मुद्दा पहिलो पटक माओवादीले उठाएको हो त ?** दोस्रो विश्वयुद्धपछि काठमाडौंमा राणा शासनको विरोधमा प्रजा

बाँकी तेश्रो पृष्ठमा

# नेताहरूले धराशायी बनाएको कम्युनिस्ट आन्दोलन

**हरि रोका**

कम्युनिस्ट आन्दोलनमा यति ठूलो आयतनमा विभाजन, अन्योल, निराशा र पलायन यसअघि कहिल्यै देखिएको थिएन । त्यसो त मुलुकमा छाएको राजनीतिक निराशाले नेपाली कांग्रेससहित पुराना पार्टीमाथि पनि ठूलो प्रश्न उठाएको छ । खासगरी नेपालको कम्युनिस्ट आन्दोलनबारे कलम चलाउँदै आएको यो पंक्तिकार पछिल्लो कालको कम्युनिस्ट आन्दोलनमा सहभागी भएर सबैजसो पार्टी र तिनका नेतासँग परिचित छ । कुनै पार्टीमा नरहेर सबै पार्टीलाई हेरिरहेको एउटा सक्रिय व्यक्तिका हिसाबले कम्युनिस्ट आन्दोलन कस्तो देखिन्छ भन्ने कुरा केही घटना र सन्दर्भसहित संक्षिप्तमा यस आलेखमा समेट्ने प्रयत्न गरिएको छ : **घटना-१** नेकपा एमालेमा केपी शर्मा ओलीको मनपरीतन्त्र मडारिएको एक दशकभन्दा बढी भयो । त्यसबाट आजित भएकाहरू विद्या भण्डारीलाई अगाडि राखेर जम्मा हुन खोजे तर ओलीले दुई वर्ष पहिल्यै नवीकरण भएको भण्डारीको पार्टी सदस्यतासमेत खारेज गरिदिए । पूर्वराष्ट्रपति राजनीतिमा आउनु लोकतन्त्रका लागि ठिक हो वा बेठिक भन्ने कुरा अलग्गै छ । तर, एमालेले उनको पार्टी सदस्यता नवीकरण गरिसकेको थियो । भण्डारीको सदस्यताले ओलीको महत्त्वाकांक्षाको धरहरा हल्लियो । ओलीको मनपरीतन्त्रले आहत भएका तल्लो तहका बहुसंख्यक कार्यकर्ताले भण्डारीलाई साथ दिन्छन् भन्ने लागेपछि ओलीले केन्द्रीय कमिटीलाई ह्वीप लगाए र निर्णय सुनाए ।

बहालवाला अध्यक्षको प्रतिस्पर्धी हुन सक्ने सम्भावनाकै आधारमा कुनै पनि पार्टीको सदस्यता कसरी खारेज गर्न मिल्छ ? यो स्वयं एमालेको विधानको खुला उल्लंघन हो । तर मुलुकको संविधानकै विरुद्ध संसद् विघटन गर्न सक्ने ओलीका लागि एमालेको विधान करेसाबारीको सागबराबर हुने नै भयो ।नेकपा एमालेमा ओलीको राजनीतिक उकालो यात्राका लागि र राज्यसत्ताको ओलीकरणका लागि भण्डारीको योगदान जगजाहेर छ । ओलीले तिनै भण्डारीको सदस्यतासमेत खारेज गर्न सक्छन् भने उनले कसैलाई बाँकी राख्दैनन् भन्ने कुरामा शंका रहेन । **घटना-२** गएको ३६ वर्षदेखि पुष्पकमल दाहालले नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र) मा अहिले एउटा प्रश्नले भूकम्प ल्याइदिएको छ । त्यो प्रश्न हो- १७ वर्ष पहिले ३१ लाख भोट पाएको माओवादी पार्टी अहिले ११ लाख भोटमा थन्किनुपरेको छ, यसको जिम्मा कसले लिने हो ? जनार्दन शर्माले करिब १३ महिना पहिले सोधेको यस प्रश्नको उत्तर दाहालले हालै स्थायी कमिटीको निर्णयबाट दिए- 'सार्वजनिक रूपले नेतृत्वका विरुद्ध बोलेको हुँदा जनार्दन शर्माले आत्मालोचना गर्नुपर्छ ।' यसभन्दा पहिले पनि जनार्दनलाई ' पार्टी छोड्न सक्छौ तर प्रश्न गर्न पाउन्नौ' भनेर धम्क्याइएको थियो । अर्थात्, जनार्दन शर्माले माओवादी पार्टीको भविष्य के हुन्छ ? हामीले बाटो किन बिरायौं ? यसको जिम्मेवारी कसले लिन्छ भनेर सोधेका थिए । दाहालले पार्टी छोड्न वा आत्मालोचना गर्न आदेश दिए । शर्माको प्रश्न र दाहालको उत्तरले माओवादी पार्टी कसरी बनेको छ, त्यसको नेतृत्वले कसरी सोच्ने गर्छ, त्यो पार्टी कसरी चलेको छ वा कसरी चल्नेवाला छ भन्नेबारेमा धेरै उत्तर दिन्छ । **घटना-३** सधैं ठूला झगडा भइरहने सानो पार्टी नेकपा एकीकृत समाजवादीमा अहिले अध्यक्ष माधव नेपालले दोस्रो वरीयताका नेता झलनाथ खनाललाई पार्टीबाट निस्कन फर्मान जारी गरेका छन् । झलनाथ खनालले माधव नेपालको नेतृत्वमाथि प्रश्न उठाउँदै 'विद्रोहको औचित्य पुष्टि नभएको' बताएका थिए । माधव नेपालले पार्टी चलाउन सकेनन् भन्ने कुरा स्वयं नेपालले बाहेक अरू सबैले बुझेका छन् । अझ अहिले उनीमाथि भ्रष्टाचार मुद्दा लागेको छ । धरौटी बुझाउन नसकेको भए उनी अहिले जेलमा हुन्थे । जेलमा बस्नुपर्ने मुद्दामा अर्कोलाई वारेस राख्न नपाउने गरी अदालतले आदेश दिएपछि उनी आफैंले तारिख धाउनुपर्ने भएको छ । उनै नेपाल ललिता निवास जग्गा काण्डमा समेत आरोपित छन् । पार्टी चलाउन नसकेर दाहाललाई बुझाउन तम्सेका नेपालले पार्टी चलाउन सकेनन्, उनी वैचारिक वा सैद्धान्तिक नेता होइनन् भनेर खनालले प्रश्न गर्नु अस्वाभाविक थिएन । तर, माधव नेपालले 'पार्टी छोड' भनेर उत्तर दिए । माथिका घटना बेग्लाबेग्लै पार्टीमा तर एकै महिनामा घटेका हुन् । ती घटनामा एउटा समानता के छ भने ती पार्टीका नेताहरू- केपी शर्मा ओली, पुष्पकमल दाहाल र माधव नेपालको चरित्र एउटै छ । उनीहरूका लागि पार्टी आफ्नो जिमदारी हो, अरू सबै तिनका रैती हुन् । तिनले पार्टीका केन्द्रीय कमिटीमा आफ्ना चाटुकार भरेर 'केन्द्रीय नेता' बनाएका छन् । ती कहिल्यै अल्पमतमा पर्दैनन् । ती 'केन्द्रीय नेताहरू' वास्तवमा होटल/रेस्टुराँका बाउन्सरजस्ता छन् । मालिकको आदेशअनुसार तिनले आक्रमण गर्छन् । यी पार्टी र ठूला व्यावसायिक घराना उस्तै हुन् । कम्युनिस्ट पार्टी व्यावसायिक घरानामा बदलिएको हुँदा तिनले कम्युनिस्ट पार्टीको चरित्र गुमाएका छन् । यो एकाएक भएको भने होइन । कुनै बेला ती पार्टी र त्यसका नेता इतिहासको आवश्यकता थिए । समयक्रममा नेताहरू बिग्रिँदै गए र पार्टीमा धमिरा लाग्दै गयो ।

**एउटा लोकतान्त्रिक पार्टीको पतन**

२०४८ सालमा सम्पन्न संसदीय निर्वाचनमार्फत एमाले दोस्रो पार्टीका रूपमा उदायो । २०४९ मा एमालेको पाँचौं महाधिवेशन सम्पन्न भएर जनताको बहुदलीय जनवादको कार्यक्रम पारित गरेर संसदीय मूलधारमा समाहित भयो । पार्टीको आन्तरिक लोकतन्त्र पनि फराकिलो बन्दै गयो । मदन भण्डारीको

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## ह्वाइटहाउस वार्ता सकारात्मक, त्रिपक्षीय बैठकमा जोड

*काठमाडौं,०२ भदौ ।*



२०२२ फेब्रुवरीदेखि जारी रुस-युक्रेन युद्धविरामका लागि अमेरिकाको ह्वाइट हाउसमा जारी वार्ता सकारात्मक रहेको बताइएको छ । सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेनेस्कीबीचको वार्ता सकारात्मक रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले बैठकमा सम्बोधन गर्दै भने, 'हामी सबै युद्ध अन्त्य गर्न चाहन्छौं र रुसलाई रोक्न चाहन्छौं । सुरक्षाको ग्यारेन्टीबारे अझै छलफल हुनेछ । अमेरिकाबाट आएको सशक्त सन्देशले हामीलाई ठूलो भरोसा दिएको छ । यो ट्रम्पसँगको अहिलेसम्मको उत्कृष्ट वार्ता हो ।' उनले त्रिपक्षीय बैठकका लागि युक्रेन तयार रहेको पनि बताएका छन् । ट्रम्पले पनि उनीसँगको भेट सफल रहेको बताए । उनले भेटपछि पत्रकाहरूसँग भने- 'हामी अमेरिका, युक्रेन र रुसबीच त्रिपक्षीय बैठक गर्ने प्रयासमा छौं । रुसले पनि सुरक्षा ग्यारेन्टी स्वीकार गर्ने संकेत गरेको छ । हामीले अब के गर्ने भन्नेबारे विचार गर्नुपर्छ ।' उनले थपे, 'युक्रेनमाथि भएको आक्रमण रोक्ने सन्दर्भमा सामूहिक रूपमा आशावादी छौं । क्षेत्रीय वार्ताको सम्भावनाबारे पनि छलफल गर्नुपर्ने देखिन्छ । मलाई लाग्छ, आजै कुनै निष्कर्षमा पुग्न सकिन्छ ।'

**युरोपेली नेताहरूको एउटै स्वर**

जेलेन्स्कीसँगको वार्ता सक्किएलगत्तै अमेरिकी राष्ट्रपति ट्रम्पले युरोपेली नेताहरूसँग वार्ता अघि बढाएका छन् । नेताहरू ठूलो गोलमेच वरिपरि बसेर आ-आफ्नो धारणा राखेका छन् । अन्तराष्ट्रिय सञ्चारमाध्यम रोयटर्सका अनुसार बैठकमा सहभागी सबै नेताले युद्ध रोक्नुपर्नेमा जोड दिएका छन् । नेटोका महासचिव मार्क रुट्टेले भने, 'हामीले यो हत्या रोक्नुपर्छ । हामीले युक्रेनको पूर्वाधारमाथि भइरहेको विनाश रोक्नुपर्छ । यो भयानक युद्ध हो ।' उनले ट्रम्पलाई वार्ताका लागि धन्यवाद पनि दिएका छन् । त्यस्तै युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले पनि युद्द रोक्नुपर्ने बताइन् । उनले ट्रम्पसँग भनिन्, 'हामी यहाँ तपाईंसँगै न्यायपूर्ण र दिगो शान्तिका लागि काम गर्न आएका हौं, ताकि हत्या रोकियोस् । प्रत्येक बच्चा आफ्नो परिवारमा फर्किनुपर्छ ।' जर्मनीका चान्सलर फ्रेडरिक मर्जले पनि अर्को बैठकमा युद्धविरामको अपेक्षा गरेका छन् । 'म अर्को बैठक युद्धविरामबिनै हुने कुरा कल्पना गर्न सक्दिनँ,' उनले भने, 'त्यसैले हामीले यसमा काम गर्नुपर्छ र रुसमाथि दबाब बढाउनुपर्छ ।' त्यस्तै इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीले शान्तिको पूर्वसर्त सुरक्षा ग्यारेन्टी भएको उल्लेख गर्दै भनिन्, 'यसरी युद्ध दोहोरिन नदिने सुनिश्चितता कसरी गर्ने भन्ने विषयमा हामी छलफल गर्नेछौं ।' फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोंले त्रिपक्षीय बैठकलाई आवश्यक बताएका छन् । 'हामीले विगत केही वर्षयता बलियो र दिगो शान्ति ल्याउन धेरै मिहिनेत गरेका छौं,' उनले भने, 'यही कारण यो बैठक मात्र समाधानको बाटो हो ।'

यता बेलायतका प्रधानमन्त्री कियर स्टार्मरले यो युद्धले ब्रिटेनमा पनि समस्या परेको भन्दै समाधानका लागि पहल गर्नुपर्ने मत राखे । उनले भने, 'यो केवल युक्रेनको मात्र होइन, युरोप र बेलायतकै सुरक्षाको प्रश्न हो । त्यसैले यो विषय अत्यन्तै महत्त्वपूर्ण छ ।' ट्रम र जेलेन्स्कीको वार्तापछि भएको युरोपेली नेताहरुसँगको वार्ताले केही आशा दिलाएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । गत अगस्ट १५ मा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको वार्ता असफल भएपछि डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपतिलाई वार्ताका लागि ह्वाइट हाउमा निम्तो दिएका थिए ।

## अमेरिकामा औपचारिक रुपमै फुट्यो एनआरएनए

*काठमाडौं,०२ भदौ ।*

गैरआवासीय नेपाली संघ (एनआरएनए), राष्ट्रिय समन्वय परिषद् (एनसीसी) अमेरिका औपचारिक रुपमै विभाजित भएको छ । एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) मा देखिएको विवाद र फुटको असरका कारण एनसीसी अमेरिका औपचारिक रुपमै फुटेको हो । दुई फरक निर्वाचन र भिन्न कार्यसमिति निर्माणसँगै अमेरिकामा अगस्त १८ (सोमबार)बाट एनआरएनए दुई भागमा फुटेको हो । २८ जुलाईमा विकास उप्रेतीको अध्यक्षतामा २०२५-२०२७ का लागि नयाँ कार्यसमिति चयन भएको एनआरएनए अमेरिकामा सोमबार अगस्त १८ मा सतेन्द्र साहको अध्यक्षमा अर्को कार्यसमिति चयन गरिएको छ । सन् २०२२ मा सम्पन्न १०औं महाधिवेशनपछि एनआरएनए आईसीसीमा विवाद सुरु भएको थियो । १०औं महाधिवेशनमा आईसीसीमा अध्यक्षका उम्मेदवारहरु डा. बद्री केसी, महेश कुमार श्रेष्ठ र आरके शर्माबीचको प्रतिस्पर्धाले एनआरएनएलाई दुई पक्षमा विभाजिततर्फ अग्रसर गराएको थियो । केसी पक्ष निर्वाचित भए पनि श्रेष्ठ र शर्मा पक्षले निर्वाचन निष्पक्ष नभएको र केसीको नेतृत्व नस्वीकार्ने अडान कायम राख्दै आएपछि एनआरएनएमा आन्तरिक विवाद उत्कर्षमा पुगेको हो । तीन वर्ष अघिको आन्तरिक विवाद कायमै रहँदा अन्ततः अमेरिकामा पनि एनआरएनए दुई फरक समूहमा विभाजित भएको हो । अमेरिका एनसीसी अध्यक्षमा जुलाई २८ मा निर्वाचित उप्रेती डा. बद्री केसी र अगस्त १८ मा अध्यक्ष निर्वाचित साह महेश श्रेष्ठ पक्षका हुन् । २८ जुलाइमा टेक्सस राज्यको डालासमा उप्रेती नेतृत्वको कार्यसमिति निर्विरोध निर्वाचित भएको घोषणा गरिएको थियो । उप्रेतीको नेतृत्वमा ३० सदस्यीय कार्यसमिति चिनिएका थिए । जसको वरिष्ठ उपाध्यक्षमा प्रेम तामाङ, उपाध्यक्षहरुमा दीपक सापकोटा, कुमार तामाङ, दिवाकर पाण्डे, महिला उपाध्यक्षमा शान्ति पौड्याल, युवा उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिवमा रामचन्द्र पन्त निर्विरोध निर्वाचित भएका थिए ।
उप्रेती नेतृत्वको कार्यसमिति घोषणाको एक महिना नबित्दै अगस्त १८ मा म्यासाच्युसेट्स राज्यको बोस्टनमा साह नेतृत्वको कार्यसमिति निर्वाचित भएको घोषणा गरिएको हो । अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी)को पूर्वनिर्धारित निर्वाचन कार्यतालिका अनुसार अगस्त १७, १८ मा निर्वाचन प्रक्रिया अघि बढाइएको र चुनावी प्रतिस्पर्धाबाट साह नेतृत्वको कार्यसमिति चयन गरिएको निर्वाचन अनुगमन समिति संयोजक गौतम दाहालले जानकारी दिए ।

'आईसीसीको निर्वाचन कार्यतालिका अनुसार हामी अघि बढेका हौं,' उनले कान्तिपुरसँग भने, 'मतपरिणाम अनुसार २०२५-२०२७ का लागि साह नेतृत्वको एनआरएनएन अमेरिका एनसीसीको नयाँ कार्यसमिति घोषणा गरिएको हो ।'

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

### पञ्चायतअघि नै संविधा........

परिषद् नामको दल स्थापना भएको थियो । आमजनतामा पनि राणा शासनको विरोधमा गतिविधि भइरहेका थिए । चार जनालाई फाँसी दिएका कारण राजनीतिक चासो बढायो । त्यतिबेला भारतमा चलिरहेको स्वतन्त्रता आन्दोलनमा सहभागी नेपाली युवाहरू, त्यहाँ अध्ययनरत विद्यार्थीलगायत एकताबद्ध भएर कांग्रेस स्थापना गरे । जसले राणा शासनको विरोधमा सशस्त्र आन्दोलन सुरु गऱ्यो । त्यसैबेला तत्कालीन राजा त्रिभुवनले राणा शासनबाट आजित भएर भारतीय दूतावासमा शरण लिएका थिए । पछि उनी दिल्ली पुगेका थिए । यसै पृष्ठभूमिमा भारतको मध्यस्थतामा दिल्लीमा तीनबुँदे सम्झौता भयो । यस सम्झौतामा पुग्न कांग्रेसको प्रत्यक्ष सहभागिता नभएको बुझिन्छ । उसका कुराहरू भारतीय राजदूत चन्द्रेश्वरप्रसाद नारायण सिंहमार्फत राख्न लगाइएको थियो । तीनबुँदेमा नयाँ संविधानको रचना निर्वाचित संविधानसभाबाट हुने, कांग्रेसको सहभागितामा संयुक्त सरकार बनाउने र राजालाई राजाकै रूपमा मान्यता दिने विषय राखिएको थियो । साभार ईकान्तिपुर ।

### नेताहरूले धराशायी...........

अस्वाभाविक देहावसान भयो । २०५१ मा भएको मध्यावधि निर्वाचनमा एमाले संसद्मा ठूलो दलका रूपमा उपस्थित भयो र कमरेड मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको कम्युनिस्ट सरकार बन्यो । आफ्नो गाउँ आफैं बनाऔं र वृद्धभत्तालगायत केही जन्ड सुधारका कार्यक्रम लागू गरिए । लोकतान्त्रिक ढाँचाभित्र पनि कम्युनिस्ट पार्टीलाई व्यापक जनताको बीचमा स्थापित गर्न सकिन्छ भन्ने उदाहरण एमाले बन्यो । तर, माधव नेपालको नेतृत्व र केपी शर्मा ओलीको अग्रसरतामा भएको महाकाली सन्धिसम्म आइपुग्दा नेकपा एमाले वैचारिक रूपमा ओरालो लाग्न थालिसकेको थियो । परिणामतः २०५४ मा पार्टी विभाजित भयो । माधव-ओलीको नेतृत्वमा ब्युरोक्रेटिक बन्दै गएको एमालेले जनमत गुमाउँदै गयो । राजा र माओवादीका बीचमा खेलेर नेपाल प्रधानमन्त्री हुन चाहन्थे । तर राजाले 'कू' गरेपछि नेपाल माओवादीतिर लाग्न थाले भने ओली राजालाई खुसी पारेर प्रधानमन्त्री हुने मेसोमा लागे । अन्ततः २०६४ सालको संविधानसभा निर्वाचनमा नेपाल-ओलीको एमाले नराम्ररी पराजित भयो । पार्टीमा वैचारिक समस्या भए पनि एमालेको आन्तरिक लोकतन्त्र सबैका लागि उदाहरणीय थियो । एमालेको आठौं महाधिवेशनमा नेपाल-ओलीको गठबन्धनलाई पराजित गर्दै झलनाथ खनाल पार्टी अध्यक्षमा निर्वाचित हुनु त्यसको उदाहरण हो । तर त्यही पार्टीमा खनाल अध्यक्ष र संसदीय दलको नेता छँदाछँदै दुई-दुई निर्वाचन क्षेत्रबाट पराजित भएका नेपाललाई 'भित्र-बाहिर' का शक्तिले प्रधानमन्त्री बनाए । साभार ईकान्तिपुर ।

### क्षमताभन्दा बढी कैदी.........

कारण स्वास्थ्यसम्बन्धी समस्या देखिने गरेको कारागार प्रमुख भुसाल बताउँछन् । "कैदी तथा थुनुवामा प्रायः मौसमी रोग देखिन्छन्," उनले भने, "सामान्य उपचार यहाँ कार्यरत स्वास्थ्य सहायकले गर्छन्, गम्भीर बिरामीलाई भने नारायणी अस्पताल पठाइन्छ ।" कारागार परिसरमा करिब ४७ शौचालय मात्र रहेका छन्, जसका कारण कैदीबन्दीले आलोपालो प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ ।

### नेपाल इन्जिनियस...............

इन्जिनियरिङ क्षेत्रको उन्नति, पेशागत मर्यादा र युवा इन्जिनियर हरूको क्षमता विकासमा आफू प्रतिबद्ध रहने बताए । उपाध्यक्ष दास र सचिव केशरीले पनि संस्थालाई बलियो बनाउन र सदस्यहरूबीच एकता कायम राख्न प्राथमिकता दिने प्रतिवद्धता जनाए ।

### सुनिल केशरीले सम्हाल....

केशरीले यसअघि बाराको निर्वाचान कार्यालयसहित विभिन्न स्थानीय तहमा कार्य अनुभव प्राप्त गरिसकेका छन् ।

### सखुवा प्रसौनी-१................

सञ्चालन गरिन्छ । जनसहभागिता र सचेतनाबिना समस्या समाधान सम्भव छैन, त्यसैले हामी गाउँ-गाउँ पुगेर स्थलगत प्रमाणिकरण गर्दैछौं ।"

### जनमत पार्टीद्वारा................

क्षेत्रीय संयोजक डा । मनोज सर्राफ, प्रदेश सदस्य शिव यादव, जिल्ला सदस्य सहनवाज राँकी, युवा वरिष्ठ उपाध्यक्ष धिरेन्द्र पन्जियार, कोषाध्यक्ष सिकेन्द्र राम, महानगर युवा संयोजक संजय सिह, महानगर सचिव लोकेश कर्ण र युवा नेता संजय सर्राफ लगायतको सहभागिता रहेको थियो।

### उपकार सेवाद्वारा ४............

संस्थाका सदस्य सुमन बगेडिया, सामाजिक अभियन्ता प्रकाश थारु, स्थानीय प्रतिनिधि रुपलाल साह, अनवारुल हक, प्रमोद चौधरी, मुकेश कुश्वाहा लगायत उपस्थित थिए ।

### प्रहरीलाई नेपाल नेत्र..........

आँखाको सुरक्षाका लागि यो सहयोग गरिएको हो ।' एसपी मिश्रले सहयोग ग्रहण गर्दै नेपाल नेत्रज्योति संघको यस कार्यको प्रशंसा गरे । उनले प्रहरीको स्वास्थ्य सुरक्षामा गरिएको यस किसिमको योगदान सराहनीय रहेको बताए । संघका सदस्य राजन श्रीवास्तवले यस सहयोगले प्रहरीहरूलाई आफ्नो दैनिक ड्युटीमा ठूलो राहत मिल्ने विश्वास व्यक्त गरे । नेपाल नेत्रज्योति संघ पर्साले यसअघि पनि आँखासम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रम र निःशुल्क स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आएको छ ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

# स्वास्थ्य

## तनाव कसरी डिप्रेसनमा बदलिन्छ ?



तनाव शरीरको होमियोस्टेसिसमा हुने गडबडी हो । होमियोस्टेसिस एक अवस्था हो, जसले व्यक्तिको शारीरिक, मानसिक र मनोवैज्ञानिक कार्यलाई बाधा पुऱ्याउँछ । तनावका कारण शरीरमा केही हार्मोनको स्तर औसतभन्दा बढ्छ, जसमध्ये एड्रेनालाइन र कोर्टिसोल प्रमुख छन् । निरन्तर यी हार्मोनको स्तर बढेमा तनाव डिप्रेसनमा परिणत हुन्छ ।डिप्रेसन एक गम्भीर अवस्था हो । यद्यपि यो कुनै रोग होइन, यो शरीर र जीवन असन्तुलित बन्दै गइरहेको संकेत हो । डिप्रेसनले घेर्दै गएपछि कतिपयलाई समाधानका लागि औषधि लिनु आवश्यक लाग्छ । तर डिप्रेसनका लागि चलाइने 'एन्टिडिप्रेसन' जस्ता औषधि सेवन मात्र व्यक्ति र उसको जीवनलाई सन्तुलित पार्न त्यति प्रभावकारी हुँदैनन् । **अस्पतालमा कलिलो उमेरका बिरामीको चाप**

तनाव कुनै पनि उमेरमा हुनसक्छ । अस्पतालहरूमा १८ देखि २६ वर्ष उमेर समूहका बिरामीको भीड धेरै देखिन्छ । यो जति छिटो पहिचान भयो त्यति छिटो निको हुन्छ । तर विडम्बना कतिपय रोगलाई दोष भन्दै झारफुक जस्तो अन्धविश्वासमा समय खेर फालिरहेको पनि देखिन्छ । अवस्था निकै जटिल भएपछि मात्रै बिरामी चिकित्सककहाँ आइपुग्छन् । त्यतिबेला ढिला भइसकेको हुने हुनाले पहिलेकै अवस्थामा फर्काउन कठिन हुन्छ । तनावग्रस्त बिरामीलाई औषधि दिएर अस्पताल भर्ना गरेर मात्र निको हुन सक्दैन । उसलाई माया, हेरचाह र हौसला पनि दिन आवश्यक छ ।

**डिप्रेसन कसरी हुन्छ ?** डिप्रेसन के कारणले हुन्छ भन्ने अहिलेसम्म वैज्ञानिक अनुसन्धानबाट स्पष्ट भइसकेको छैन । तर मानिसको व्यक्तिगत जीवनसँग सम्बन्धित धेरै कुराले तनावमा महत्त्वपूर्ण भूमिका खेल्ने केही निश्चित प्रमाणले देखाउँछन् । जीवनमा कतिपय यस्तो मोड आउन सक्छ, जसबारे धेरै सोचेमा अवस्था नाजुक बन्न सक्छ । जस्तै, प्रियजनबाट अलग हुनु, जागिर गुमाउनु, वैवाहिक सम्बन्ध टुट्नु, पढाइमा असफलता र अन्य धेरै कुरा डिप्रेसनको कारण बन्छन् । यसबाहेक जीवनप्रति नकारात्मक सोच भएका व्यक्ति डिप्रेसनमा जाने डर बढी हुन्छ । 'म सफल हुन सक्दिनँ, त्यस कारण म केही काम गर्न सक्दिनँ, अरू भन्दा म कमजोर छु' सोच उनीहरुमा आउँछ । उनीहरूको मनभित्र एक किसिमको त्रास भइरहन्छ । जसले दिन बित्दै जाँदा डिप्रेसनमा पुग्ने जोखिम बढ्छ । साथै, थाइराइड तथा भिटामिन डीको कमी जस्ता स्वास्थ्य समस्या र केही औषधिको साइड-इफेक्टका कारण पनि मानिस डिप्रेसनमा जान सक्छ ।

## मधेश सरकार शिक्षा सुधारका लागि अघि बढिरहेको छः मुख्यमन्त्री सिंह

*जनकपुर,०३ भदौ ।*

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेश सरकारले शिक्षा सुधारका अवधारणाका साथ अघि बढेको बताएका छन् । मङ्गलबार मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले जनकपुरधाममा आयोजना गरेको कार्यक्रमअन्तर्गत एसइई परीक्षा २०८१ मा उत्कृष्ट नतिजा ल्याएका धनुषा, महोत्तरी, सर्लाही, सिराहा र सप्तरीका विद्यार्थीलाई साइकल वितरण गरिएको थियो । मुख्यमन्त्री सिंहले विद्यार्थी, शिक्षक, अभिभावक र सरोकारवालाको सक्रिय सहभागिताले प्रदेशको शिक्षाको गुणस्तर सुधारमा योगदान पुग्ने बताए । मुख्यमन्त्री सिंहले मधेश प्रदेशको शिक्षाको विगतमा रहेको पहिचान पुनः कायम गर्न योजनाबद्ध रूपमा काम अघि बढाइरहेको उल्लेख गर्दै उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीलाई भविष्यका लागि शुभकामना दिएका छन् । उनले लोकसेवा आयोग मार्फत करिब ५५० कर्मचारीको नियुक्ति गरिएको र महिला आरक्षण प्रणालीको प्रभावकारी प्रयोगका लागि महिलालाई सक्रिय रूपमा आवेदन दिन आग्रह गरेका छन् । कार्यक्रममा शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीको अध्यक्षतामा, नेपाल एसबिआई बैंक लिमिटेडद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पाँच जिल्लाका जेहेनदार विद्यार्थीका लागि साइकल वितरण गरिएको थियो ।



यस वर्ष एकसय ५० विद्यार्थीले साइकल प्राप्त गरेका छन् । कार्यक्रममा भारतको महावाणिज्य दूतावास वीरगन्जका प्रमुख देवी सहाय मिना, नीति तथा योजना आयोगका सदस्य डा । शिला मिश्रा, शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त सचिव दिलिप ठाकुरसहित अन्य अधिकारीको उपस्थिति थियो ।

## अनुदानको मल वितरणसम्बन्धी नयाँ कार्यविधि लागू ७५३ स्थानीय तहलाई परिपत्र

*काठमाडौं,०३ भदौ ।*

सरकारले अनुदानको रासायनिक मल वितरणलाई व्यवस्थित बनाउन नयाँ कार्यविधि लागू गर्दै देशभरका सबै ७५३ स्थानीय तहलाई परिपत्र जारी गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मंगलबार सबै गाउँपालिका र नगरपालिकालाई पत्राचार गर्दै 'अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२' लागू भएको जानकारी गराएको हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको अनुरोधमा जारी परिपत्र अनुसार, पुरानो 'अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७' खारेज गरी नयाँ र परिमार्जित कार्यविधि ल्याइएको छ । यसले मल वितरण प्रणालीलाई वैज्ञानिक कोटा प्रणालीअनुसार थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्य राखेको कृषि मन्त्रालयले जनाएको छ ।नयाँ कार्यविधि २०८२ साउन ७ गतेको मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत गरिएको थियो भने साउन ३० गतेको निर्णयअनुसार पुरानो निर्देशिका पूर्ण रूपमा खारेज गरिएको थियो ।



सामान्य प्रशासन मन्त्रालयले परिपत्रमा उल्लेख गरेको छ, "कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पत्रानुसार अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ जारी भएको विवरण, आवश्यक जानकारी र कार्यान्वयनका लागि यस पत्रमार्फत जानकारी पठाइएको छ ।" यस परिपत्रसँगै अब सबै स्थानीय तहले किसानलाई अनुदानको मल वितरण गर्दा नयाँ कार्यविधि अनुसार प्रक्रिया अगाडि बढाउनुपर्नेछ, जसमा स्थानीय तहलाई अधिक अधिकार र वैज्ञानिक कोटा प्रणालीमार्फत वितरण सुनिश्चित गर्ने व्यवस्था गरिएको छ ।

## नारायणी अस्पतालको मेडिकल वार्डमा ९ वटा एसी जडान हुने

**नेपाल पोष्ट संवदाता**

*बीरगन्ज,०३ भदौ ।*

जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त प्रसाद यादवले बीरगन्जस्थित नारायणी अस्पतालको मेडिकल वार्डमा बिरामीहरूको सहजताका लागि ९ वटा वातानुकूलित (एसी) जडान गरिदिने घोषणा गरेका छन् । सोमबार अस्पताल निरीक्षणका क्रममा पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालसँगै उपस्थित भएका अध्यक्ष यादवले गर्मीका कारण उपचारमा समस्या भोगिरहेका बिरामीहरूलाई सहज बनाउन एसी जडान गर्ने प्रतिवद्धता व्यक्त गरेका हुन् । हाल उक्त वार्डमा केवल पंखा मात्र रहेका कारण बिरामी र स्वास्थ्यकर्मी दुवैलाई कठिनाइ भइरहेको अवस्था देखिएको थियो । अस्पताल विकास समितिका अध्यक्ष धिरजकुमार गुप्ताका अनुसार, एसी जडानका लागि जगरनाथपुर गाउँपालिकाबाट ३ वटा, सखुवा प्रसौनी गाउँपालिकाबाट ३ वटा र जीराभवानी गाउँपालिकाबाट ३ वटा गरी कुल ९ वटा एसी उपलब्ध गराइने सहमति भएको छ । यादवले एक साताभित्रै जडान प्रक्रिया सम्पन्न गर्ने विश्वास दिलाएका छन् । निरीक्षणका क्रममा पूर्वमन्त्री रिजालले अस्पतालको समग्र सुधारका लागि आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । उनले अध्यक्ष यादवसँगै विभिन्न वार्ड र विभागको अवलोकन गर्दै बिरामी, कुरुवा र स्वास्थ्यकर्मीहरूसँग प्रत्यक्ष संवाद पनि गरेका थिए । यस अवसरमा अस्पताल विकास समितिका अध्यक्ष धिरजकुमार गुप्ता र मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासले अस्पतालमा रहेका प्रमुख समस्या तथा आवश्यकतावारे विस्तृत जानकारी गराएका थिए ।



## पत्रकारमाथि दुर्व्यवहार गर्ने उपमेयरका छोराविरुद्ध पक्राउ पुर्जी जारी

*रौतहट,०३ भदौ ।*

फतुवा विजयपुर नगरपालिकामा देखिएको भ्रष्टाचार र अनियमितता सम्बन्धी समाचार लेखेका कारण पत्रकार कृष्ण तिवारीमाथि दुर्व्यवहार भएको घटनामा उपमेयर अम्बेया खातुनका छोरा मोहम्मद सनाउल्लाहविरुद्ध पक्राउ पुर्जी जारी गरिएको छ ।

इलाका प्रहरी कार्यालय विजयपुरको अनुरोधमा जिल्ला अदालत रौतहटले सोमबार सनाउल्लाहलाई पक्राउ गर्न आदेश दिएको प्रहरी निरीक्षक सुरेन्द्र यादवले जानकारी दिएका छन् । गत साउन ३० गते नगरसभा कार्यक्रममा सहभागी हुन जाँदै गरेका पत्रकार तिवारीलाई सन्तपुर चौक नजिकै रोकेर दुर्व्यवहार गरिएको आरोप सनाउल्लाहमाथि लागेको हो । घटनापछि तिवारीले दिएको जाहेरीका आधारमा रौतहट प्रहरी प्रमुख एसपी नेत्र मणि गिरीको निर्देशनमा अनुसन्धान अघि बढाइएको थियो । यसै क्रममा इलाका प्रहरी कार्यालय विजयपुरले अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरी पक्राउ पुर्जी जारी गरेको हो । सनाउल्लाहको खोजीका लागि छुट्टै प्रहरी टोली परिचालन गरिएको प्रहरी निरीक्षक यादवले बताए । यस घटनाप्रति प्रेस चौतारी नेपाल, रौतहट शाखाले विज्ञप्ति जारी गर्दै कडा आपत्ति जनाएको छ । सचिव मुकेश कुमार साहद्वारा हस्ताक्षरित विज्ञप्तिमा पत्रकारमाथि अंकुश लगाउने, धम्की दिने वा आक्रमण गर्ने प्रयासलाई प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य-मान्यतामाथि गम्भीर प्रहारको संज्ञा दिइएको छ ।

विज्ञप्तिमा थप भनिएको छ, "यस्ता घटनामा दोषीमाथि कानुनी कारबाही नभए यसले नजिर कायम गर्नेछ र फेरि दोहोरिन सक्छ ।" पत्रकार तिवारीले महालेखा परीक्षकको प्रतिवेदनका आधारमा फतुवा विजयपुर नगरपालिकामा इन्धन र यातायात खर्चमा देखिएको अनियमितता सम्बन्धी समाचार सार्वजनिक गरेका थिए ।

## विपिन जोशीको रिहाइ माग गर्दै माइतीघरमा प्रदर्शन

*काठमाडौं,०३ भदौ ।*

हमास समूहको नियन्त्रणमा रहेका कञ्चनपुरका विपिन जोशीको रिहाइको माग गर्दै युवाहरूले मंगलबार माइतीघरमा प्रदर्शन गरेका छन् ।

प्रदर्शनकारीहरूले नेपाल सरकारले विपिनको रिहाइका लागि कूटनीतिक दबाब सिर्जना गर्नुपर्ने, देशभित्र नागरिकलाई सुरक्षित वातावरण सुनिश्चित गर्नुपर्ने, र विदेशमा रहेका प्रत्येक नेपालीको सुरक्षाको ग्यारेन्टी दिनुपर्ने जस्ता माग राखेका छन् । प्रदर्शनमा सहभागी युवाहरूले "कहाँ छन् विपिन जोशी?", "अविलम्ब घर फर्काइयोस्", "हामी युवाहरू कहिलेसम्म विदेशिनु पर्ने हो सरकार?", "युवा बेचेर देश कसरी बन्छ?" लगायतका प्लेकार्ड पनि बोकेका थिए । स्वतस्फूर्त रूपमा भेला भएका युवाहरूको समूहले विपिनको रिहाइको समर्थनमा हस्ताक्षर संकलन पनि गरेका छन् । यसअघि, परराष्ट्रमन्त्री डा । आरजु राणा देउवाले सोमबार सामाजिक सञ्जालमार्फत विपिन जोशीको रिहाइका लागि परराष्ट्र मन्त्रालयले अधिकतम कूटनीतिक पहल जारी राखेको जानकारी दिएकी थिइन् । विपिनको खोजीका लागि उनकी आमा र बहिनी इजरायल पुगेकी छन् । उनीहरूले इजरायली राष्ट्रपति आइज्याक हर्जोग र संसद् अध्यक्ष अमिर ओहानासँग भेटवार्ता गरी विपिनको रिहाइका लागि अपिल गरेका छन् ।

## प्रहरीलाई नेपाल नेत्रज्योति संघद्वारा सनग्लास सहयोग


*बीरगन्ज,०३ भदौ ।*

नेपाल नेत्रज्योति संघ पर्साले जिल्ला प्रहरी कार्यालय पर्सालाई सनग्लास सहयोग गरेको छ । दिनभर घाममा खटिने प्रहरीहरूको आँखालाई सूर्यको हानिकारक किरणबाट जोगाउने उद्देश्यले यो सहयोग गरिएको हो । संघका सभापति भगवती चौधरी र केन्द्रीय कार्यालयका वरिष्ठ उपाध्यक्ष श्यामकुमार पोखरेलको उपस्थितिमा आयोजित एक कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्र र जिल्ला ट्राफिक कार्यालयका प्रमुख लोकराज भट्टलाई उक्त सामग्री हस्तान्तरण गरिएको हो । संघका सचिव शिताराम उपाध्यायका अनुसार, 'जनताको सुरक्षाका लागि निरन्तर खटिरहेका प्रहरीको स्वास्थ्यलाई ध्यानमा राख्दै

बाँकी तेश्रो पृष्ठमा⇒

डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं ।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना-काप्चामा कीटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।



जगरनाथपुर गाँउपालिका कार्यपालिकाको कार्यालय
जगरनाथपुर , पर्सा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा